नेपाल पत्रकार महासंघ
कपिलवस्तु शाखा

# वाणगंगा नगरपालिकाको कार्यालयको
# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन
२०७९ फागुन १०

**क) पृष्ठभूमी :**

वाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.ब. २०७९।०८० मा संचालित नगर विकास योजना र कार्यक्रम, नगरले प्रवाह गर्ने सेवा सुविधा, सेवाग्राहीको गुनासो र सन्तुष्टि तथा सुझाव संकलन गर्ने उद्धेश्यले सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको हो । यसको मुख्य उद्धेश्य नगरपालिकामा सुशासन, जवाफदेहीता तथा पारदर्शीता कायम गरी जनताको सहज पहुँच र सहभागीता अभिबृद्धि गर्नु हो । वाणगंगा नगरपालिकाको आयोजना एवं नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाको प्राविधिक सहयोग तथा सहजीकरणमा वाणगंगा नगरपालिका वडा नम्बर ४ स्थित कपिलवस्तु उद्योग वाणिज्य संघको बुद्धरंगशाला स्थित सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा सेवाग्राही सहभागीहरुले समस्या, गुनासा, जिज्ञासा तथा सुझाव सहित विभिन्न प्रश्नहरु राखेका थिए । ती प्रश्न वा जिज्ञासाका विषयमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, विषयगत शाखाका प्रमुख तथा अन्य सरोकारवालाले जवाफ दिएका थिए ।

**ख) कार्यक्रमको उद्देश्य :**

- नगरपालिकाबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय र सर्वसुलभ तथा सहज पहुँच बनाउन सेवाग्राहीहरुको सन्तुष्टि अभिबृद्धि गर्नु ।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरुबारे सरोकार निकायलाई जानकारी दिदै सचेतना अभिबृद्धि गर्नु।
- वाणगंगा नगरपालिकाका कृयाकलापहरुलाई सुशासन, पारदर्शी तथा जवाफदेहीता अभिबृद्धि गर्नु
- वाणगंगा नगरपालिकाबाट प्रदान गरिने सेवा र गतिविधी तथा संचालित कृयाकलापको सरोकारवाला निकाय तथा नागरिकहरु प्रति जवाफदेही बृद्धि गर्नु ।

नेपाल पत्रकार महासंघ कपिलवस्तु स्था. २०६०

○ विकास निर्माणका कार्यमा सेवाग्राही तथा लाभान्वीत समुहहरुको सहभागितामा अभिबृद्धि गर्नु ।

**ग. सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :**

○ कार्यक्रमको अध्यक्षता : चक्रपाणी अर्याल (मेयर - वाणगंगा नगरपालिका)

○ कार्यक्रमको उद्देश्य बारेमा जानकारी तथा स्वागत मन्तव्य : पार्वती पाण्डे, पूर्व उपाध्यक्ष, नेपाल पत्रकार महासंघ कपिलवस्तु

○ कार्यक्रमको नागरिक प्रतिवेदन पत्र तथा बहिर्गमन अभिमत प्रतिवेदन प्रस्तुती : संगीता भुसाल, सदस्य नेपाल पत्रकार महासंघ कपिलवस्तु

○ कार्यक्रम संचालन प्रकृया : सेवाग्राही, जवाफदेही निकाय, सरोकारवाला निकाय, विषयगत कार्यालय, नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीको सहभागीतामा सवाल जवाफ प्रश्नोत्तर, जिज्ञासा, सुझाव संकलन र प्रतिवद्धता

○ कार्यक्रम सहजीकरण संचालन : मोहन वेल्वासे कोषाध्यक्ष, नेपाल पत्रकार महासंघ कपिलवस्तु

○ सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचार संहिताबारे जानकारी

○ कार्यक्रम आयोजना स्थल : वाणगंगा नगरपालिका वडा नम्बर ४ स्थित कपिलवस्तु उद्योग वाणिज्य संघको सभाहल चारनम्बर

○ कार्यक्रमको मिति र समय : २०७९ फागन १० गते, समय ८:०० देखि १२:००

○ कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा, मिनेटमा) : ४ घण्टा

○ टिपोर्ट संकलन तथा रिपोर्ट तयारी : हरि अधिकारी, बाबुराम रायमाझी, नेपाल पत्रकार महासंघ कपिलवस्तु

**घ) जवाफदेही निकायका तर्फबाट उपस्थिती विवरण :**

१. वाणगंगा नगरपालिकाका मेयर : चक्रपाणी अर्याल
२. वाणगंगा नगरपालिकाका उपमेयर : चक्रपाणी अर्याल
३. वाणगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत : खिमानन्द भुसाल
४. वाणगंगा नगरपालिकाका शिक्षा शाखा प्रमुख : खिम बहादुर जिसि
५. प्रशासन प्रमुख : केशवराज भट्टराई
६. योजना शाखा प्रमुख : शान्ताराज आचार्य
७. स्वास्थ्य शाखा प्रमुख : ठगराज पौडेल
८. इन्जिनियर : सुरज घिमिरे
९. पुश सेवा शाखा प्रमुख : राजकुमार तिवारी
१०. राजश्व शाखा प्रमुख : मदन प्रसाद घिमिरे

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

कृषि सेवा शाखा प्रमुख : लेष बहादुर केसी

महिला बालबालिका शाखा प्रमुख : शुशिला पन्थ

वडा अध्यक्षहरु

ा अध्यक्ष १ : सन्जु कुमार सारु, वडा न.२ विष्णु प्रसाद पौडेल, वडा न. ४ छविरेश्मी मगर, ा नम्बर ६ करुण टण्डन, वडा न. ८ बाबुराम अर्याल, वडा न.९ कमल पौडेल, वडा नम्बर यम प्रसाद पोखरेल, वडा नम्बर ११ नरेन्द्र चौधरी, कार्यपालिका सदस्य शान्ता पाण्डे

**प्रश्न, गुनासो र सुझाव राख्ने सेवाग्राहीको विवरण :**

- खिमानन्द पौडेल
- दोलख बहादुर पछाई
- ध्रुव मल्ल
- दामोदर पौडेल
- गिरी प्रसाद अधिकारी
- विश्वराज पौडेल
- रेवता पौडेल
- कृष्ण प्रसाद पौडेल
- कर्ण तिवारी

**व) सहभागिता :**

जम्मा : १०१ महिला : ३५ पुरुष : ६६

**छ) छलफलमा नागरिक स्तरवाट उठेका मुख्य सवाल :**

- छाडा चौपाया
- योजनाको कामको अनुगमन
- नदीजन्य पदार्थको चोरी निकासी
- फोहोरमैला व्यवस्थापन, सरसफाई, डम्पीङ्ग साइड व्यवस्थापन
- अव्यवस्थित बसोबास, सुकुम्वासी जग्गा व्यवस्थापन
- धानको क्षतिपूर्ति, राहत, विउपल, मलखाद
- सिंचाई, तरकारीको बजारीकरण
- वैदेशिक रोजगारी, वेमौसमी कामदार
- तालिमको उपलब्धी, महिला लक्षित कार्यक्रम
- विद्युतीकरण,
- स्वास्थ्य विमा, औषधी र पिपरा अस्पताल व्यवस्थापन
- कर्मचारीको नियमितता
- सार्वजनिक जग्गा अतिक्रमण

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

- लागु पदार्थ दुर्व्यसनी
- टोल विकास संस्थाको जिम्मेवारी
- विद्यालय व्यवस्थापन समिती समयमै गठन, शिक्षक दरबन्दीका विषय

गंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालद्धारा वाणगंगा नगरको ती विवरण बारे संक्षिप्त जानकारी दिनुभएको थियो । हालसम्मको वित्तिय र कार्यक्रमगत रणको अवस्थाबारे जानकारी समेत गराउनुभएको थियो ।

**समन्वयात्मक वैठक :** सार्वजनिक सुनुवाई संचालन सम्बन्धी नगरपालिकाका प्रमुख, उपप्रमुख, मुख प्रशासकीय अधिकृत लगाएतका कर्मचारी संग समन्वय गरी कार्यक्रम कहाँ कहिले र कसरी र्ने विषयमा छलफल गरियो । कार्यक्रमको ढाँचा र प्रतिवेदन सम्बन्धमा छलफल भयो ।

**छ) ऐन नियम, निर्देशिका तथा कार्यविधीको अध्ययन :** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा ३०, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम १९, स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम

**ञ) वहिर्गमन अभिमत संकलन मिति :** २०७९ फागनु ५ देखि ७ गते सम्म

**ट) सार्वजनिक सुनुवाईको प्रचार प्रसार :** स्थानीय ४ वटा एफ एमबाट १० दिन र पत्रपत्रिकामा सूचना प्रकाशन गरी कार्यक्रमको जानकारी गराइएको थियो ।

**ठ) सार्वजनिक सुनुवाईमा उठेका प्रश्न, जिज्ञासा र जवाफहरु**

| क.स. | प्रश्नकर्ता गुनासो वा सुझाव दिनेको नाम थर | सहभागीको प्रश्न, गुनासो र सुझाव | जवाफ दिने पदाधिकारीको नाम र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | खिमानन्द पौडेल (कपिल) | नगरभित्रको औद्योगिक ग्राम, कृषि उपज केन्द्रको व्यवस्थापन के भइरहेको छ ?<br><br>सार्वजनिक सुनुवाई कार्यक्रममा संघसंस्था, राजनीतिक दलको | चक्रपाणी अर्याल नगर प्रमुख | एकपालिका एक औद्योगिक ग्रामको नीति अनुसार नगरले काम गरिरहेको छ । वाणगंगा नगरपालिका वडा न.९मा औद्योगिक ग्रामको डिपिआर तयार भई काम भइरहेको छ हालसम्म ६० प्रतिशत काम सम्पन्न भइसकेको छ । जसका लागि ९० |

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

| | | | |
|---|---|---|---|
| | सहभागीताको कुरा नभएको किन हो ? | | लाख बजेट विनियोजन भएका जानकारी दिनुभयो । नगरपालिकाले सबै वडाहरुमा सूचना मार्फत जानकारी गराएको र स्थानीय सबै एफएमहरुमा सूचना प्रसारण भएको छ । |
| मोदर पौडेल | छाडा चौपायाको व्यवस्थापनमा ढिलाई,<br><br>टोल विकास संस्थामा बजेटको अभाव, टोल विकास संस्थालाई अधिकार सम्पन्न बनाउनुपर्ने माग । | चक्रपाणी अर्याल नगर प्रमुख | छाडा चौपया साझा समस्याको रुपमा रहेको र नगरको पनि मुख्य समस्याको रुपमा रहेको छ । यसका लागि नगरले डिपिआर तयार गरी गौशाला व्यवस्थापनमा काम गरिरहेको छ । नगरबाट मधुवनमा ५५ लाख बजेट विनियोजन गरी काम थालेको छ<br><br>टोल विकास संस्था विशुद्ध सामाजिक काम गर्ने, विकास निर्माणमा सहभागीता , टोल सचेतना जगाउने काममा बढि भूमिका हुन्छ । |
| दोलख बहादुर पछाई | कार्यक्रममा सेवाग्राहीको उपस्थिती बृद्धि गर्नुपर्ने, किसान धेरै मारमा परेको जस्तै धानको क्षतिपुर्ति नपाएको, छाडा चौपाया, मलखाद विउविजनको समस्या आदी<br>सडक दुर्घटना बढेकोले न्यूनिकरण गर्नुपर्ने,<br>युवा रोजगारीको लागि ठोस योजना नहुनु ।<br>वैदेशिक रोजगार मौसमी | चक्रपाणी अर्याल नगर प्रमुख<br><br>खिमानन्द भुसाल प्रमुख प्रशासकीय अधिकृत<br><br>लेष बहादुर केसी कृषि शाखा प्रमुख | कुन कर्मचारी कुन समयमा नभएको त्यसको जानकारी हामीलाई दिनुपर्ने । कर्मचारी नियमित रुपमै कार्यालयमा आए नआएको निगरानी राखिने गरेको छ । डिजिटल हाजिरीको व्यवस्था गरिएको कार्यालयमा ।<br>संघीय सरकारले धानको नोक्सानीको क्षतिपूर्ति दिने विषयमा लगत संकलन गरी विवरण भरी पठाइएको तर यसको राहत नआएकोले किसानहरु मारमा परेको कुरा अवगत छ । |

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

| | | | | |
|---|---|---|---|---|
| | | कामदारको कुरा चलेको फेरि कता हरायो ? विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन र दरबन्दीको व्यवस्था नहुनु । योजनाहरुको अनुगमन प्रभावकारी नहुनु । कार्यालयमा कर्मचारीको समयमा उपस्थिती नहुनु सहकारीको बारेमा नियमन गर्नुपर्ने, फोहोरमैला व्यवस्थापन प्रभावकारी नभएको, नदीजन्य पदार्थको चोरी निकासी | खिम बहादुर जिसि शिक्षा शाखा प्रमुख<br><br>शान्तराज आचार्य योजना प्रमुख | नगरपालिकाले पनि नदीजन्य पदार्थको चोरी निकासीमा प्रहरीसंग समन्वय गरी पक्राउ गरिएको छ । सवैको सहयोग हुनुपर्ने । फोहोरमैला प्रशोधन गरी काम गर्न सकिने तर कानुनी अड्चनका कारण समस्या हुने गरेको छ। फोहोरमैला व्यवस्थापनका लागि ५० लाख विनियोजन गरिएको छ ।<br>नगरको सुन्दरीकरणका लागि बसपार्कको डिपिआर भैसकेको छ यसका लागि सवै राजनीतिक दलको सहयोग आवश्यक भएको सेवाग्राहीको सहजताको लागि मालपोत कार्यालय ल्याउन पहल भैरहेको छ । अव्यवस्थित जग्गा व्यवस्थापनका लागि सरकारको अस्थिरताका कारण निरन्तरता दिन नसकेको । मौसमी कामदारको सम्बन्धमा तत्कालिन समयमा श्रम मन्त्रालयको निती नियमका कारण हुन नसकेको । लागु औषध दूर्व्यसनी नियन्त्रणमा नगरले सचेतना गरिरहेको र राजेश आस्था फाउण्डेशनलाई ६ लाख सहयोग गरेको । सहकारीहरुलाई व्यवस्थित गर्न लागिएको छ । नगरका सवै २१ वटा सहकारीको विवरण |

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

| | | | |
|---|---|---|---|
| | | | अध्यावधिक ... सहकारी मार्फत मलखाद वितरण गर्ने गरिएको छ। विद्यालय व्यवस्थापन समिति गठन भएको र नभएको ठाउँमा एक हप्तामा गठन हुनेछ । धेरै ठाउँमा राजनीतिक हस्तक्षेप भएको छ । ४७ वटामा ३० वटा व्यवस्थापन समिति गठन गरिएको छ । दरवन्दी एक दुई विद्यालय वाहेक सवै ठाउँमा पदपूर्ति भइसकेको छ<br><br>योजनाको कामको अनुगमन निरन्तर भइरहेको छ । ठुला योजनाहरुको टेण्डर बाट र साना योजनाको निर्माण उपभोक्ताबाट काम भइरहेको छ । बाटोको क्षमता अनुसार सवारी साधन चलाउनुपर्ने । |
| गिरि प्रसाद अधिकारी | छाडा चौपाया व्यवस्थापन नहुँदा धेरै सास्ती, आफुले यसको जिम्मेवारी पाए काम गर्ने । | चक्र अर्याल नगर प्रमुख | नगरपालिकाले यस विषयमा काम शुरु गरिसकेको छ । तर पनि छाडा चौपाया समस्याको रुपमा रहेको छ । |
| ध्रुब मल्ल | विद्युतीकरण र यसको उपलब्धता हुनुपर्ने<br><br>नदीजन्य पदार्थको चोरी निकासी, अनुगमन नहुनु | चक्र अर्याल नगर प्रमुख | विद्युतको कार्यालय स्थापनाको लागि केन्द्रमा पहल भइरहेको छ । ५ वटा वडा विद्युत चुहावट मुक्त घोषणा भइसकेको छ । वडा कार्यालयले विद्युत प्राधिकरणको समन्वयमा काम गरिदिने गरेको ।<br><br>नदीजन्य पदार्थको ठेक्का समयमा नहुनुले पनि कतिपय अवस्थामा |
| | किसानले सिंचाईको समस्या भोगेको | लेष बहादुर केसी कृषि शाखा | |

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

| | | | | |
|---|---|---|---|---|
| | | | | चोरी निकासी हुन [illegible] सवैको सहयोग र समन्वयले नियन्त्रण गर्न सकिने ।<br><br>सिचाईमा लागि २५ प्रतिशत बजेट विनियोजन गरेको छ । नगरका ३५ प्रतिशत भुभागमा सिंचाई पुग्ने गरेको छ । नगरले सिंचाईलाई पहिलो प्राथमिकतामा राखेको छ । |
| | विश्वराज पौडेल | तरकारीको बजारीकरणमा समस्या, किसान मर्कामा परेको | लेष बहादुर केसी<br>कृषि शाखा | नगर भित्र किसानको तरकारी बजारीकरणको एकिन संख्या र विवरण नभएकाले समस्या परेको छ । बजारीकरणको लागि कोल्ड स्टोरको अभावले समस्या भएकाले यसका लागि नगरबाट पहल भइरहेको छ । हथौसाको निर्माणाधिन अवस्थामा रहेको छ । |
| | रेवता पौडेल | स्वास्थ्य विमा प्रभावकारी बनाउनुपर्ने,<br>पिपरा अस्पतालमा औषधी अभाव,<br><br>महिला लक्षित कार्यक्रममा महिला सहभागीता र प्रभावकारीता नभएको<br><br>तालिमबाट उपलब्धी नदेखिएको | चक्र अर्याल<br>नगर प्रमुख<br><br>रीता कुमारी चौधरी<br>नगर उपप्रमुख | पिपरामा औषधी अभाव नभएको ७५ प्रतिशत विरामी रिफर गर्न परेको छैन । पिपरा अस्पताललाई स्तरउन्नतीको लागि काम भइरहेको छ ।<br><br>महिला लक्षित, सिपमुलक कार्यक्रममा पछाडी पारिएका विपन्न महिला , दलित, जनजातीलाई प्राथमिकता दिदै आएको । |
| ८ | कृष्ण प्रसाद पौडेल | वाणगंगा नगरपालिका कार्यसम्पादनमा पछि परेको किन हो ? | खिमानन्द भुसाल<br>प्रमुख प्रशासकीय अधिकृत | वाणगंगा नगरपालिका कार्यसम्पादनमा पछि परेको मिडियाबाट जानकारी पाएको यसको आधिकारिक जानकारी |

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

| | | | |
|---|---|---|---|
| | लागु औषध दुर्व्यसनको समस्या रहेको नगरमा | | विषयमा नगरपालिकाले जानकारी लिनेछ । योजनाहरुको भुक्तानी प्रकृयालाई छिटो छरितो रुपमा दिने गरेको छ लागु औषध रोकथाम र नियन्त्रणमा नगरले उच्च प्राथमिकता दिएर कार्यक्रम गरेको छ । |
| तिवारी | सार्वजनिक जग्गाको संरक्षण हुन नसकेको | चक्र अर्याल नगर प्रमुख | नगरभित्रका सार्वजनिक जग्गा कतै अतिक्रमण भए वडाको समन्वयमा ती जग्गालाई नगरको क्षेत्राधिकार भित्र पर्ने र जग्गा संरक्षणको काम गर्ने गरिएको छ। |

**सार्वजनिक सुनुवाई गरिएका प्रतिवद्धता :**

- गठन हुन वाँकी रहेका विद्यालय व्यवस्थापन समिति एक हप्ता भित्र गठन गर्ने ।
- छाडा चौपाया व्यवस्थापनमा निरन्तर काम गर्छौं ।
- नगरभित्रका सार्वजनिक जग्गा संरक्षणमा काम गर्ने ।
- लागु औषध नियन्त्रण र रोकथामको प्रयासमा प्रतिवद्ध ।
- बाँकी रहेको टोल विकास संस्था तत्काल गठन गर्ने ।
- नगरका गौरवका योजना फोहोरमैला, बसपार्क, चक्रपथको कार्य पुरा गर्ने ।

**ङ) सवल पक्ष :** कार्यक्रममा नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण सम्बन्धमा सेवाग्राहीको प्रश्न र जिज्ञासाहरु धेरै आएका छन् । जवाफदेही निकायको सहभागीता राम्रो रहेको छ ।

**ण) सुधार गर्नुपर्ने र समस्या :** कार्यक्रममा सेवाग्राहीको सहभागीतामा कमी भएकाले आगामी दिनमा सहभागीता बढाउनुपर्ने देखिन्छ । नगरका अन्य वडाहरुमा पनि कार्यक्रम संचालन गर्दा सहभागीलाई सहजता हुनेछ । सेवाग्राहीको पायक पर्ने ठाउँमा कार्यक्रम राख्दा थप प्रभावकारी हुने।

**त) निष्कर्ष :** सार्वजनिक सुनुवाई कार्यक्रमबाट सेवा प्रवाह र विकास निर्माणका सम्बन्धमा सेवाग्राहीको प्रश्न, जिज्ञासा र सुझाव सहित राम्रा पक्षबारे जानकारी आदान प्रदान गर्ने काम भएको छ । कार्यक्रमले नगरको सेवा प्रवाह र विकास निर्माणमा पारदर्शीता भई जनताको सहभागीता र विश्वसनीयता बढ्ने गरेको छ । जनताको समस्या समाधानमा र योजना निर्माणमा थप सहयोग पूग्नेछ । चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्नुपर्ने ।

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

क्रमको फोटोहरु






नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा




ूचीहरु

ागरिक प्रतिवेदन कार्ड :

बर्हिगमित अभिमत प्रतिवेदन :

फोटोहरु :

माइन्युट कपी

अनुसूची – २

बुँदा नम्बर ६.१३. सँग संबन्धितप्रश्नावलीभाग– १

# नागरिक प्रतिवेदन(Citizen Report Card )

( सन्तुष्टिवा असन्तुष्टि जनाउने )

**स्थान : बाणगंगा नगरपालिका**

कुल सहभागी : ३० जना,

१) सेवाग्राहीको लिङ्ग– पु/स्त्री: पुरुष:(१७)महिला:(१३)

२) जात : मुस्लीम(२), दलित:(४), ब्रमण,क्षेत्री (१७), जनजाती (७)

३) उमेर :१९ देखी ४०:(११) ४१देखी ६०:(१४) ६० भन्दामाथि:(५)जना ।

४) शिक्षा :स्नातक(३) +२(७)एस.एल.सी:(१२)साक्षर:(८)

५) पेशा: कृषि:(१७), कर्मचारी: (२),व्यापार (४)अन्य(७)

**प्रश्नावली भाग १**

. सेवाको सन्तुष्टि

१.१ तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?
सन्तुष्ट(१२)जना,ठीकै(१७)जना,असन्तुष्ट(१)जना,

१.२ सेवालिन जाँदा कर्मचारीकोव्यवहारप्रतितपाई कतिको सन्तुष्ट हुनुहुन्छ?
सन्तुष्ट(१३)जना,ठीकै(१७)जना,असन्तुष्ट(0)जना,

. सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्तगर्नुपर्ने सेवामालागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट(१२) जना,ठीकै(१५) जना,असन्तुष्ट(३) जना,

२.२ कार्यालय नियमित रुपमा( कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तताका साथसञ्चालनभएको छ भन्ने कुरामाकतिको विश्वस्त हुनुहुन्छ ?
विश्वस्त(७) जना,ठीकै(१८) जना, अविश्वस्त(५) जना,

२.३ तपाईले सेवालिनजाँदाअतिरिक्त रकर्मु तिनभयो ?
तिरेको छैन(३०) जना,एकदमै कम(०) जना,धेरै तिरेको(०) जना,

२.४ यस कार्यालयले सार्वजनिकक्चासो तथा समस्या समाधानगर्नऔसत कतिदिनलगाउने गरेको छ?
१दिन(९) जना,२ दिन(१३) जना,धेरैदिन(८) जना,

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रतितपाई कतिको विश्वस्त हुनुहुन्छ ?
विश्वस्त(१६)जना,ठीकै(१४) जना,अविश्वस्त(०) जना,

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचारगर्नु भएको छ?
धेरै(४) जना,ठीकै(१८)जना,गरेको छैन(८) जना,

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?
धेरै(११) जना,ठीकै(१९) जना,विश्वास छैन(०) जना,

३.४ यस कार्यालयले विपन्नवर्गको लागि छुटयाएको् सेवाप्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (१८) जना,छैन(३)जना,अलिअलिथाहा छ(९) जना,

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट नुहुन्छ ?
सन्तुष्ट(१६) जना,कम सन्तुष्ट(११) जना,असन्तुष्ट(३) जना,

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?
आफै(३०) जना,गाउँका ठूलाबडाको (०) जना,मध्यस्थकर्ता(०) जना,

४.३ यस कार्यालयमातपाईले एउटा कामको लागिकति पटक धाउनु पर्‍यो ?
१ पटक (१२) जना, २ पटक(१२) जना, सो भन्दा वढी(६) जना,

सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिकअवस्था कस्तो छ ?
अति राम्रो(१४) जना, ठीकै (१६) जना,नराम्रो(०) जना,

५.२ कार्यालयमाभएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?
छ (९) जना, आंशिकजानकारी छ (१४) जना,कुनै जानकारी छैन(७) जना,

५.३ कार्यालय र सेवाग्रहीबीचको सम्बन्ध कस्तो छ ?
अति राम्रो (१०) जना, ठीकै (१९) जना,खासै राम्रोछैन(१) जना,

नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडा पत्रको उपयोग कुनहदसम्म गरेका्

धेरै (६) जना,कम(१६) जना, गरेको छैन (८) जना,

नेपाल पत्रकार महासंघ

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिकबडा पत्र अनुरुप कतिहदसम्म वाप्रदान

गरेको जस्तो लाग्छ ?

धेरै (५) जना, ठीकै (१४)जना,अतिकम(११) जना,

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हद सम्मभएको छ ?

धेरै भएको(३) जना, ठीकै भएको छ (१२) जना,भएकै छैन(१५) जना,

## प्रश्नावली भाग – २

सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो

पाएँ(१७) जना,ठीकै पाएँ(१२) जना;स्पष्ट पाइँन(१) जना,

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ?

दिएँ(०)जना,थोरै दिएँ(०) जना,मागिएन र दिइएनपनि(३०) जना,

१.३ त्यहाँबाट दिनेसिफारिस लिंदाकसको सहयोग लिनुभयो?

आफैं(३०) जना,मध्यस्थकर्ता वाकार्यालयकै मान्छे(०) जना,नेता /ठूलाबडा (०) ना,

१.४ राजस्व, शुल्कतथा दस्तुर को कस संग उठाउने गर्दछन्?

सबैसँग कर उठाउँछन्(३०) जना,सीमितव्यक्ति सँग मात्र कर उठाउँछन् (०) जना,

धेरै वक्यौता रहने गरेको छ (०) जना,

पूर्वाधार तथा सरसफाईसम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो(१३) जना,ठीकै(१७) जना,खराब(०) जना,

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्ति गरिन्छ ?

तुरुन्तै हुन्छ(११) जना,पटक पटकभनेपछि मात्रै हुन्छ(१७) जना,जतिभनेपनिहुन्न(२) जना,

२.३ तपाईको विचारमा नगरपालिका सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी ार्यक्रमके कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो संग(१६) जना,ठीकै गर्छ(९) जना,नियमित रुपमागर्दैन(५) जना,

२.४ तपाईको नगरपालिकामाविकास निर्माणको स्थिति कस्तो छ?

राम्रो (१०) जना,ठीकै(१७)जना,खराब(३) जना,

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

नेपाल पत्रकार महासंघ स्था. २०६०

प्रभावकारी छन्(१७) जना,ठीकै छन्(१३) जना,प्रभावकारी छैनन(०) जना,

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?
सहज(१५) जना, ठीकै(९) जना, अप्ठयारो ६) जना,

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
पर्दैन(३०) जना,मागेरै लिन्छन्(०) जना,रकमनदिए अप्ठ्यारो पार्छन् (०)जना,

२.८ योजना, सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?
सजिलै पाइयो(९) जना,कहिले काँहीपाइयो(१३)जना,मागगर्दापनिपाइएन(८) जना,

२.९ विकास निर्माणका बारेमा जानकारीमाग्दा पाउनुहुन्छ ?
सजिलै पाइन्छ(९) जना,सोधेपछि पाइन्छ(२१) जना,सोधे पनिपाइदैन(०) जना,

२.१० स्थानीय निकायको आचार संहितापालनाभएको छ ?
पालनाभएको छ(१०) जना,ठीकै पालनाभएको छ(१६)जना,कत्ति पनि पालना भएको छैन (४) जना,

२.११ योजना, सञ्चालन गर्दा नगरपालिका वाट कत्तिको सहयोग पाउनुभएको छ ?

धेरैसहयोग पाएको छु(८)जना,ठीकै सहयोग पाएकोछु(१७) जना,निरुत्साहितगरिन्छ (५) जना,

यस कार्यालयको तल दिइएका विविध पक्षहरु मा तपाईको अनुभवअ कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?
आवश्यकश्रोतउपलब्ध(३०)जना,कमश्रोत उपलब्ध(०) जना,अतिकमश्रोतउपलब्ध(०) जना,

३.२ कामगर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
अति सरल (१२) जना,ठीकै(१६) जना,जटिल (२) जना,

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?
आवश्यक सीप(३०)जना,आवश्यकताभन्दाकम छ (०)जना,सीपनिकै कम छ(०) जना,

३.४ न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
टाँसेको देखेको छु(०) जना,कहिले काँही टाँसेको देखिन्छ (११) जना, खै कतै देखिएन(१९)जना,

नेपाल पत्रकार महासंघ स्था. २०६०

३.५ कार्य सम्पन्नको आधार मा मूल्यांकन भएको छ कि छैन ?
छ (१९) जना, ठीकै मूल्यांकनहुने गरेको छ (१०) जना,कहिले पनिभएको थाहा छैन(१)जना

३.६ वर्तमान्कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुन्छ ?
सन्तुष्ट(१३) जना,ठीकै(१०) जना,कुनै जानकारी छैन(७) जना,

# ४. पारदर्शिता सम्वन्धी

४.१ न.पा.मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्नभए?
१ वटा(१४) जना,२ वटा(३)जना,कार्यक्रमबारे कुनै जानकारी नै छैन(१३) जना,

४.२ न.पा. मा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए
एक (३ )जना,दुई (१०) जना,थाहा छैन(१७) जना,

४.३ न.पा. मा वार्षिक रुपमासामाजिक परीक्षण भएको छ ?
भएको छ(२९)जना,अहिलेसम्म सञ्चालन भएकै छैन(०)जना,कार्यक्रमबारे कुनै जानकारी नै छैन (१) जना,

४.४ सार्वजनिक सुनुवाई मा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वय नभएको छ ?
धेरै(७) जना, ठीकै(१८) जना,कुनै जानकारी नैछैन(५) जना,

४.५ सार्वजनिक सुनुवाइको अनुगमनगर्ने संयन्त्रको विकास भएको छ ?
संयन्त्रबनेको (२२) जना,कुनै संयन्त्रबनेको छैन(२) जना,कुनैजानकारी नै छैनं(६) जना,

४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रमर श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?
धेरै जानकारी पाएको छु(६) जना,ठीकै जानकारी पाएको छु(१६) जना,कुनै जानकारी नै छैन(८),

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

## अनुसूची–३

## बहिर्गमन अभिमत(Exit Poll )संकलन गर्ने ढाँचा

### बुँदा नम्बर ३.४ सँग संबन्धित

बहिर्गमन अभिमत कुल सहभागी : ३० जना,

१) सेवाग्राहीको लिङ्ग– पु/स्त्री: पुरुष:(१९)महिला:(११)

२) जात :आदिवासी जनजाती(९),दलित:(३)र ब्रामण क्षेत्री :(१०)जना

३) उमेर :१९ देखी ४०:(८) ४१देखी ६०:(१५) ६० भन्दामाथि:(७)जना।

४) शिक्षा : स्नातक(५) एस.एल.सी:(१४)साक्षर:(११)जना।

५) कार्यालय सम्म आइपुग्दाको समय :बिहान १० बजे देखी ५ बजे सम्म

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो।

७) कार्यलयमा देहायको कुनकामको लागिआउनु भएकोरजाहो( ✓)चिन्हदिनुहोस्।

क) सिफारिस लिन/पुऱ्याउन: (८)जना

ख) दर्ता/नवीकरण (४)जना

ग) आर्थिक सहयोग लिन (३)जना

घ) योजना,मागगर्न (०)जना

ङ) योजना,को किस्तालिन (४)जना

च) योजना,को मूल्याङ्कन गराउन (१)जना

छ) योजना,को अन्तिम भुक्तानी लिन (२)जना

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न (०)जना

झ) सूचनामूलक सामग्री प्राप्त गर्न (२)

ञ) अन्य कुनै भए (६)जना

मूल्याङ्कन-उपयुक्तकोष्ठमा रेजा( ✓ ) लगाउने

१. सेवा लिनको सँग सम्पर्क गर्ने भन्ने तपाईलाई स्पष्ट जानकारी भयो

अति स्पष्ट(२२)जना, ठीकै(७) जना,अस्पष्ट(१) जना,

२. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षाकति बुझ्े जस्तो लाग्यो ?

अति धेरै(९) जना,ठिकै (१७)जना थोरै(४) ...

नेपाल पत्रकार

कार्यालयको कुन–कुनपक्षमा धेरै राम्रो लाग्यो,– कुनपक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| • कर्मचारीको व्यवहार राम्रो रहेको<br>• एतिहासिक मठ मन्दिरहरुको संरक्षण ,<br>• महिला सहकारीहरुको आय आर्जनमा वृद्धि<br>• प्रविधि मैत्रि सेवा प्रवाह<br>• नगरपालिकाले अव्यवस्थित ठेलागाडा व्यवस्थापनमा भुमिका खेलेको<br>• शिक्षामा यस अगाडी भन्दा सुधार भएको<br>• सेवाग्राहिले सेवा सुविधा चुस्त दुरुस्त पाएको<br>अनुदान कार्यक्रमले काम गर्न सहज भएको ।<br>बोलेको कुराको सुनुवाई तथा कार्यन्वयन हुने<br>सेवाग्राहीहरुलाई बस्नको लागि ासस्त सुविधा<br>तनपान गर्ने कक्ष<br>एको | • छाडा चौपाया व्यवस्थापन गर्नुपर्ने<br>• पालिकाको काम सेवा प्रवाह अझ सुधार गर्नुपर्ने ।<br>• युवाहरु लाई थप जनचेतना मुलक कार्यक्रमहरु प्रदान गर्नु पर्ने<br>• युवामैत्री नगर बनाउन पर्ने<br>• व्यक्तिगत कृषि फर्म भएका व्यक्तिलाई पनी अनुदानमा सहजता दिनुपर्ने<br>• कृषकको उत्पादन विक्रिलाई सहज बजारीकरण गर्नुपर्ने विउ विजन थौरैमात्रमा आउने कृषकहरुलाई पुराउन गारो पर्ने<br>• पालिकामा सोधपुछ कक्ष प्रभावकारी नभएको<br>• संम्पन्न योजनाको छिटो छरितो अनुगमन गर्नुपर्ने<br>• वडा सदस्यहरु नियमित वडा कार्यलयमा रहनुपर्ने<br>• फोहोरमैला व्यवस्थापन गर्नुपर्ने<br>• नगर स्वास्थ्य सेवाको अनुगमन गर्नुपर्ने<br>• सिसिटिभि र नगरभित्रका सोलार लाईटहरु संचालन रहे नरहेको अनुगमन गर्नुपर्ने<br>• वडा वडामा रहेका सार्वजनिक जग्गा छानविन तथा खोजविन गर्नुपर्ने<br>• लामो समयदेखि बसोवास गरेका पुर्जा विहिनहरुलाई पुर्जा दिनुपर्ने<br>• व्यवस्थित बसपार्क बनाउनुपर्ने |

नेपाल पत्रकार महासंघ
स्था. २०६०
कपिलवस्तु शाखा

आज मिति २०७९-११-१० गतेका दिन बाणगंगा नगरपालीका को आयोजना र नेपाल पत्रकार महासंघ कपिलवस्तुको सहजीकरण मा सार्वजनीक सुनुवाई कार्यक्रम बाणगंगा नगरपालीकाका प्रमुख चक्रपाणी अर्यालको अध्यक्षतामा तपशिल बमोजिम को उपस्थिति रहयो।

## उपस्थिति

१> श्री चक्रपाणि अर्याल (नगर प्रमुख)
२> श्री रिता कु० चौधरी (नगर उप प्रमुख)
३> श्री शिवानन्द भुसाल (प्र. प्र. अधिकृत)
४> " ~~रेवत ब० जि.सि. (शिक्षा~~
५> " रतनु लाल (वडाध्यक्ष - १)
६> " विष्णु प्र० पाडेल - " २
७> " टेकु ब० भण्डारी मगर " ३
८> " छवि रेश्मी मगर - " ४
९> " गुनिका भुसाल - " ५
१०> " करुण खड्का - " ६
११> " विष्णु गिरी - " ७
१२> " बाबुराम अर्याल - " ८
१३> " कमल पौडेल - " ९
१४> " चन्द्र प्र० पोखरेल - " १०
१५> " नरेन्द्र चौधरी - " ११
१६> " रेवत ब० जि.सि. (शिक्षा शाखा प्रमुख)
१७> " लोक ब० के.सी. (कृषि शाखा प्रमुख)
१८> " केशव भट्टराई (पशु/वन शाखा प्रमुख)
१९> " राज कुमार तिवारी (पशु शाखा प्रमुख)
२०> " केशवराज भट्ट (लेखा अधिकृत)
२१> " ज्ञानराज आचार्य (योजना शाखा प्रमुख)
२२> " मोतिलाल बाधा (प्रमुख [illegible])
२३> " ठमराज पौडेल (वा. शाखा प्रमुख)
२४> श्री मदन प्र० घिमिरे (राजश्व प्रमुख)
२५> श्री सुशिला पन्थ (महिला/बालबालिका शाखा)

PAGE NO.........

DATE / /

शान्ता पाण्डे कार्यपालिका सदस्य

26, लोकवि बहादुर पहाडे कपिलवस्तु नागरिक समाज अध्यक्ष

27) आदित्या रननवाल सुमेर शाखा

28) सरोजदेवी आचार्य का.न.प. आबिन्नित

30 रेखा पौडेल ने.कं.पा माओवादी महिला

31 चन्द्रवती थारु बा न पा 8 सदस्य

32- सुनिता सेन बा.न.पा- 8 ...

33 ... भेटिम

34 विश्वराज पौडेल '' '' 4 डुंगरिया

35- सुमनन्द घिमिरे '' '' 1 जीतपुर (४.न-

36- नेकपा (एमाले) बा.न.पा वार्ड नं 2

36- हरि प्रसाद घिमिरे रा.प्र.पा वडा कमिटी अध्यक्ष बा.न.पा. 2

37 लोकेन्द्र ज्ञवाली बा.नपा 1 बहादुरगंज अध्यक्ष

38 हरि घिमिरे (पत्रकार) हर्टबिट एफ.एम.

39 ... पौडेल

40 गणेश मान खत्री बाणगंगा 1 कर्म ... केन्द्र

40 ... पौडेल '' 4 डुंगरिया सदस्य -

41 टिका प्रसाद अधिकारी मंगलपुर विकास संस्था

42 गणेश शर्मा '' '' ठाकुरद्वारा अध्यक्ष

43 शिवानन्द पौडेल कोपिल उद्योग वाणिज्य संघ कपिलवस्तु अध्यक्ष

किम लाल सापकोटा बा.नाजा सदस्य 2

लाल बिहारी थारु '' 4 डुंगरिया सदस्य

गुमान सिंह बेजाली बा.न.पा 2

- टेक प्रसाद आर्याल बा.न.पा -2 ...

- सीता सुनार

राज कुमार यादव -- -- 1 - वडा सदस्य

दीप कला वि सी बा.न.पा - 1 वडा सदस्य

नविन ढुंगाना बा.न.पा - 1 वडा सदस्य

कृष्ण प्रसाद चालिसे बा.न.पा - 1 जितपुर टोल सचिव

ओम बहादुर थापा सचिव मिलन टोल वडा नं 1 '' '' '' अध्यक्ष

दीपकला वि.सी. बा.न.पा. 1 वडा सदस्य

- दीपिका खन्ना रेडियो मायादेवी

तेज व. सोमे ...

PAGE NO.
DATE / /

कृ. विदु शर्मा — बा.न.पा. प्रशासन शाखा
सविता थापा — बा.न.पा. महिला तथा बालबालिका शाखा
सुशिला पन्थ — बा.न.पा. म.बा. शाखा
इटवार गौतम — बा.न.पा. ८ — मौजाई टोल
सुरज घिमिरे — बा.न.पा. इन्जिनियर
पितम्बर विक — कार्यपालीका सदस्य
डिल बहादुर वली — " "
कृष्ण कुमार कुमाल — " "
१. बाबुराम रेग्मी (पत्रकार)
कृष्ण प्रसाद पौडेल (पत्रकार)
२. पार्वती पाण्डे — पूर्व उपाध्यक्ष पत्रकार महासंघ / बुद्धदर्पण दैनिक सम्पादक
- पार्वती आचार्य — नेपाल पत्रकार महासंघ का.स. (पाठ)
कृष्ण यादव — बुटवल टुडे
संगिता खुसाल — पत्रकार
टिकाराम बेलबासे — बुद्ध आवाज टेलिभिजन
सन्तोष आर्याल
हरि आचार्य — लुम्बिनी दर्पण अनलाइन
सागर वि.क. — बौरखी अनलाईन
नारायण पाण्डे — बुद्ध आवाज T.V. FM
मोहन बेल्बासे — प्रस्तोता संचालक
श्री हरि अधिकारी (उपाध्यक्ष) पत्रकार महासंघ
श्री बालेश्वर अधिकारी (लुम्बिनी दर्पण)
" राजेन्द्र खनाल (रेडियो बाणगंगा)
३ " गीता आचार्य (WWJ Kapilvastu)
४ " सूर्य पुडासैनी मायादेवी अनलाइन
५ " धनु रानाभाट — शिक्षक
६ श्री नरेश थापा — भलवाड
७ श्री हरि शर्मा — बाणगंगा ७ पिपरा
= ८ श्री पशुपति चौधरी = बाणगंगा ४ दरबार

PAGE NO.............................

DATE / /

| | | | |
|---|---|---|---|
| चन्द्रमाया सुनार | बा.नं.पा. | ९ | चन्द्र माया |
| सिता थारु | बा.नं.पा- | ९ | sita |
| मनोज पौडेल | ,, | ४ | |
| कमली तिवारी | ,, | ५ | |
| लक्ष्मण सापकोटा | ,, | २ | |
| रामचन्द्र राना मगर | ,, | ६ | |
| सुनीता पाण्डे | ,, | ६ | |
| भुमलाल थारु | ,, | ६ | |
| सरीता थारु (स्वंयसेविका) | | | |

सम्पर्क नं.०७६५५०३८३
गुगल+कोड नं.M5QF+48

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
### लुम्बिनी, प्रदेश, नेपाल

७९।८०

मितिः २०७९।१०।२४

## सार्वजनिक सुनुवाई संचालन सम्वन्धी संझौता-पत्र

प्रथम बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय, बाणगङ्गा कपिलवस्तु (जसलाई यसपछि प्रथम पक्ष भनिने नेपाल पत्रकार महासंघ, कपिलवस्तु (जसलाई यसपछि दोस्रो पक्ष भनिने छ) बीच आर्थिक वर्ष २०७९।८० को चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नका लागि निम्न सेवा शर्तको अधिनमा रही दुवै पक्षको खुशिले यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं।

ताका शर्तहरु :

१. सम्झौताको रकमः ७५,०००।- (अक्षरुपीः पचहत्तर हजार मात्र)
२. सम्झौता अवधिः २०७९ फागुन ०५ गते सम्म।
३. पहिलो पक्षले गरेका विकासका कार्यक्रम, अपनाइएका नीति, योजना तथा कार्यक्रमहरु र यसबाट हासिल गरेका प्रगती र सुशासन तथा सेवा प्रवाहहरुको सम्बन्धमा हालसम्मको अवस्था र गुनासाहरुसमेतलाई समेटी सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधिको फर्मेट अनुसार तथ्याङ्क सङ्कलन गरी तोकिएको स्थानमा प्रथम पक्षसँग समन्वय गरी सार्वजनिक सुनुवाईको प्राविधिक व्यवस्थापन मिलाउनुपर्नेछ।
४. अधिक भन्दा अधिक सेवाग्राहीहरुसँग समन्वय गरी सेवा प्रवाहको गुणस्तरीयताको सम्बन्धमा सूचना सङ्कलन गर्न दोस्रो पक्षले व्यवस्थापन गर्नुपर्नेछ।
५. दोस्रो पक्षले सेवाग्राहीहरुले व्यक्त गरेका गुनासाहरुको सम्बन्धमा सेवाग्राहीले चाहे अनुसार गोपनियताको व्यवस्था गर्नुपर्नेछ।
६. दोस्रो पक्षले रेडियो, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरुबाट सबै नागरिकहरुको पहुँच हुने गरी सार्वजनिक सूचना जारी गर्नुपर्नेछ साथै कार्यक्रम सञ्चालन गर्दा चिया, खाजा, पानी र कार्यक्रम सामाग्री लगायतको व्यवस्थापन गर्नुपर्नेछ।
७. दोस्रो पक्षले कार्यक्रम सम्पन्न भए पश्चात तुरुन्तै सार्वजनिक सुनुवाईको प्रतिवेदन र बिल भरपाई पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ। प्रतिवेदन पेश भएपश्चात् नियमानुसार सम्झौता बमोजिमको रकम पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ।
८. सार्वजनिक सुनुवाईको प्रतिवेदन प्रस्तावसँग पेश गरेको प्रतिवेदनको ढाँचा अनुसार पेश गर्नुपर्नेछ।
९. सम्झौताको शर्तहरुमा उल्लेख नभएका प्रावधानहरु प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| **पहिलो पक्ष :** | **दोस्रो पक्ष :** |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : खिमानन्द भुसाल | नाम : संगिता भुसाल |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : कार्यालय सचिव |
| बाणगङ्गा नगरपालिकाको कार्यालय | नेपाल पत्रकार महासंघ, कपिलवस्तु |

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०